**प्रस्तावहरु :-**

१. नियमावली, कार्यविधि तथा निर्देशिका सम्बन्धमा ।

२. फोहर मैला व्यवस्थापन सम्बन्धमा ।

३. भवन अनुगमन समिति गठन सम्बन्धमा ।

४. व्यवसाय कर निर्धारण र असुली सम्बन्धमा ।

५. टेण्डरबाट बचेको रकम सम्बन्धमा ।

६. सहायक कर्मचारी सम्बन्धमा ।

७. घर नक्सा पास सम्बन्धमा ।

८. रकमान्तर सम्बन्धमा ।

९. सडक मर्मत शुल्क सम्बन्धमा ।

१०. पार्किङ्ग स्थल निर्माण सम्बन्धमा ।

**निर्णय नं. १ :-**

प्रस्ताव नं. १ मा छलफल गर्दा तपसिलका नियमावली कार्यविधि निर्देशिका माथि दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

क) निर्णय वा आदेश र अधिकारपत्र प्रमाणिकरण कार्यविधि नियमावली २०७४,

ख) नगर प्रहरी सम्बन्धी नियमावली २०७४,

ग) एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि नियमावली २०७४,

घ) स्थानीय विपद व्यवस्थापन कार्यविधि २०७४,

ङ) एकीकृत सम्पत्ति कर व्यवस्थापन निर्देशिका २०७४,

च) टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका २०७४,

छ) कोहलपुर नगरपालिका न्यायिक समिति संचालन कार्यविधि २०७४,

ज) स्थानीय राजपत्र २०७४,

**निर्णय नं. २ :-**

प्रस्ताव नं. २ मा छलफल गर्दा कोहलपुर नगरपालिकाको क्षेत्र भित्र फोहर मैला व्यवस्थापनको लागि फोहल मैला व्यवस्थापन शिर्षकबाट खर्च गर्ने गरी तपसिलको कार्यहरु गर्ने भनि निर्णय गरियो ।

तपसिल:-

क) फोहलमैला व्यवस्थापन सम्बन्धि सार्वजनिक स्थानहरुमा सूचना मुलक होडिङ्ग बोर्डहरु वडा कार्यालयको सिफारिसमा राख्ने ।

ख) वडा कार्यालयको सिफारिसमा सार्वजनिक स्थानहरुमा डस्टविनहरु राख्ने ।

ग) जथाभावि फोहर फाल्नेहरुलाई निम्नानुसारको जरिवाना गर्ने ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

➢ पहिलो पटक - रु.५००।
➢ दोश्रो पटक - रु.१०००।
➢ तेश्रो पटक - रु.२०००। अन्तमा नगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधा बन्द गर्ने ।

घ) जथाभावी फोहर मैला फालेको सूचना दिने व्यक्तिको नाम गोप्य राखी जरिवानाको ५०% रकम पुरस्कार स्वरुप उपलब्ध गराउने ।

**निर्णय नं.३ :-**

प्रस्ताव नं. ३ मा छलफल गर्दा नगरपालिका क्षेत्र भित्र निर्माणाधिन भवनहरुको अनुगमन गर्नको लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

क) नगर उप-प्रमुख - संयोजक
ख) पूर्वाधार विकास समिति संयोजक - सदस्य
ग) श्री प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) श्री प्रमुख घर नक्शा शाखा - सदस्य

**निर्णय नं. ४ :-**

प्रस्ताव नं. ४ मा छलफल गर्दा व्यवसाय कर असुलीको लागि वडा कार्यालयलाई जिम्मा दिने र आवश्यक ठाँउहरुमा कर दाता शिक्षा संचालन गर्ने साथै नगरपालिका संग समन्वय गरेर कर संकलक परिचालन गर्न सकिने साथै तपसिलका व्यवसायीबाट निम्न अनुसार बार्षिक कर असुल गर्ने निर्णय गरियो ।

➢ बस व्यवसायी समिति - रु.१५,०००।
➢ ट्रक व्यवसायी - रु.१०,०००।
➢ टयाक्टर - रु.५०००।
➢ बस व्यवसाय समिति प्रा.लि. - रु.१५,०००।
➢ बस व्यवसाय समिति कम्पनी - रु.१५,०००।
➢ रिक्सा, ई रिक्सा व्यवसाय समिति - रु.३०००।
➢ गैह्र सरकारी संघ संस्था - रु.५०००।

**निर्णय नं.५ :-**

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिकाको नगर सभाबाट स्वीकृत भएका योजनाहरुको टेण्डर प्रकृया अगाडी बढिसकेको उक्त योजनाहरुको सम्झौता भए पश्चात बाँकी रहेको सोही योजनाको लागि विनियोजन भएको रकम सोही योजनामा लगानी गर्ने अवस्था भएमा त्यसलाई प्राथमिकता दिने अन्यथा भएमा सम्बन्धित वडा समितिबाट सिफारिस भई आएमा उल्लेखित योजनालाई लगानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :-**

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रस्ताव नं. ६ मा छलफल गर्दा वडा नं. ८, र ११ मा कार्यरत सामाजिक परिचालकहरु श्री माया गुरुङ्ग र बाल कुमारी भुसाललाई मिति २०७४/९/१६ गते देखि लागु हुने गरी मासिक रु.१२,०००। अक्षरेपी बाह्र हजार पारिश्रमिक दिने र मिति २०७५ आषाढ मसान्त सम्मको लागि सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :-**

प्रस्ताव नं. ७ मा छलफल गर्दा कोहलपुर नगर क्षेत्र भित्र रहेका सरकारी विद्यालय, निजि विद्यालय, गैह्र सरकारी संघ संस्था र सहकारी भवनहरुको नक्सा पास चालु आ.व. भित्र गर्नको लागि पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :-**

प्रस्ताव नं. ८ मा छलफल गर्दा परामर्श शिर्षकमा रकमान्तर गरिएको रु.४२,००,०००। अक्षरेपी बयालिस लाख को २५ प्रतिशत फर्निचर (पुँजिगत) मा रकमान्तर गर्ने र बाघ र कोललाई रु.७,००,०००। अक्षरेपी सात लाख छुट्ट्याउने निर्णय गरियो ।

**निर्णय नं.९ :-**

प्रस्ताव नं. ९ मा छलफल गर्दा कोहलपुर नगर क्षेत्र भित्र स्थानीय स्तरमा उत्पादन भएका प्राकृतिक श्रोतलाई निकासी गरे बापत सडक मर्मत शुल्क असुल गर्ने जिम्मा वडा कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं.१० :-**

प्रस्ताव नं. १० मा छलफल गर्दा यस कार्यालयको प्राङ्गणमा सवारी साधन पार्किङ्गको लागि सेड निर्माण कार्य भई रहेको र कु काठले गर्दा निर्माण कार्यमा अवरोध भएकोले उक्त कु काठ फडानी गरी सेड निर्माण गर्ने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)